# सोलुदुधकुण्ड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु

नं. १ प्रदेश नेपाल


प.सं.२०७४/०७५

च.न ६६२

मिति २०७४/११/०३ गते

विषय :- विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री १० वटै वडा कार्यालयहरु,
सोलुदुधकुण्ड नगरपालिका ।

प्रस्तुत विषयमा श्री भूकम्पीय आवास पुननिर्माण आयोजनाको च.नं. ४३५/२०७४/७५ मिति २०७४/१०/२५ गतेको पत्रानुसार जोखिम वर्गमा पर्ने भूकम्प प्रभावित लाभग्राहीहरुको विवरण पुनः उपलब्ध गराउने भनी विवरण माग भएको तर सम्पुर्ण कुराहरु एकीन गर्न नसकिएको हुँदा संलग्न विवरण अनुसारको विवरण यथाशिघ्र नगरपालिकामा उपलब्ध गराईदिन हुन अनुरोध छ ।

श्री सूचना प्रविधि शाखा

Websiteमा राखिदिनु हुन अनुरोध ।

(योग्य प्रसाद राई)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
# भूकम्पीय आवास पुनर्निर्माण आयोजना
ज्वागल, ललितपुर

प.सं.: २०७४/०७५ मिति: २०७४/१०/२५
च.नं.: ४३५

श्री महानगरपालिका /उप-महानगरपालिका कार्यालय , सबै (३१ जिल्ला )
श्री नगरपालिका कार्यालय, सबै (३१ जिल्ला )।
श्री गाउँपालिकाको कार्यालय, सबै (३१ जिल्ला)।

विषय :- जोखिम वर्गमा पर्ने भूकम्प प्रभावित लाभग्राहीहरुको विवरण पुनःउपलब्ध गराउने सम्बन्धमा।

उपरोक्त विषयमा तहाँ स्थानीय तह अन्तर्गत जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुको निजी आवास पुनःनिर्माणमा विशेष सुविधा दिई निजहरुको आवास पुनःनिर्माण कार्यमा तीब्रता दिनका यस कार्यालयको प.सं.०७४।७५, च.नं. ३७७, मिति २०७४।९।२६ को पत्रानुसार उक्त विवरण जिल्लाबाट प्राप्त भईरहेकोमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको मिति २०७४।१०।११ को ९७ औ बैठक निर्णयबाट "जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४" परिमार्जित भई प्राप्त भएकोले सो कार्यविधिको दफा ३ बमोजिम जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुको सूची तयार गर्ने आधारमा फरक मापन प्राप्त भएको हुँदा देहाय बमोजिम जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राहीहरुको विवरण तल उल्लेखित फारममा भरी मिति २०७४ फाल्गुन ५ गते भित्र उपलब्ध गराईदिनु हुन अनुरोध छ। साथै जोखिम वर्गमा पर्ने भूकम्पबाट प्रभावित लाभग्राही पहिचान सम्बन्धी कार्यविधि, २०७४ को छायाँप्रति यसैसाथ संलग्न छ।

| सि. नं. | लाभग्राहीको विवरण | | लाभग्राहीको ठेगाना | लाभग्राही वर्ग | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | सम्झौता क्र.सं. | लाभग्राहीको नाम | | एकल महिला | जेष्ठ नागरिक | बालबालिका | अपाङ्ग | |
| | | | | | | | | |
| | | | | | | | | |

पुनश्चः १) एकल महिला - ६५ वर्ष नाघेकी एकल महिला।
२) जेष्ठ नागरिक - ७० वर्ष नाघेका जेष्ठ नागरिक ।
३) बालबालिका - १६ वर्ष मुनिका अनाथ बालबालिका।
४) अपाङ्ग - नेपाल सरकारबाट अपाङ्गताको परिचय पत्र (रातो र निलो कार्ड मात्र) पाएको अपाङ्गता भएका व्यक्ति।

उपर्युक्त बमोजिमको लाभग्राहीको सूचीमा पर्नको लागि निजी आवास सम्बन्धी लाभग्राहीको एकाघरमा अन्य सबलाङ्ग १६ वर्षदेखि ७० वर्षसम्मका एक वा एक भन्दा बढी व्यक्ति नभएको हुनपर्ने छ।

२०७४/१०/२५

(नारायण प्रसाद श्रेष्ठ)
आयोजना उप-निर्देशक

बोधार्थ :
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै (३१ जिल्ला )
श्री जिल्ला समन्वय समितिको सचिवलय, सबै (३१ जिल्ला )